दरखास्त दिन सकिने न्यूनतम ऋणपत्रः २५ कित्ता
दरखास्त दिन सकिने अधिकतम ऋणपत्रः सम्पूर्ण कित्ता

दरखास्तसाथ एकमुष्ठ रु.१,०००/- प्रति ऋणपत्रका दरले भुक्तानी माग गरिएको

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)

(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)

रजिष्टर्ड कार्यालय : इ.बि.एल. हाउस, लाजिम्पाट, वार्ड नं. ३, काठमाडौं, नेपाल
फोन नं. ००९७७-१-४४४३३७७, फ्याक्स नं. ००९७७-१-४४४३१६०
इमेलः ebl@mos.com.np वेवसाइटः www.everestbankltd.com

१० वर्ष अवधि तथा वार्षिक ७.५ प्रतिशत ब्याजदर भएको "एभरेष्ट बैंक लिमिटेड उर्जा ऋणपत्र (Energy Bond) २०८९"

आह्वान-पत्र

ऋणपत्रको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति	: २०७९/०९/२५ गते देखि
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०७९/०९/२८ गते सम्म (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०७९/१०/०९ गते सम्म (बैंकिङ्ग समय पश्चात्)

यो विवरणपत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

श्री नेपाल धितोपत्र बोर्डद्वारा स्वीकृत मिति २०७९/०४/०२ (ब्याजदर संशोधन स्वीकृति मिति २०७९/०८/२३) श्री नेपाल राष्ट्र बैंकमा दर्ता मिति २०७९/०९/०५ तथा श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति २०७९/०९/०७

१० वर्ष अवधि तथा बार्षिक ७.५ प्रतिशत ब्याजदर भएको प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका २० लाख कित्ताले हुन आउने रु.२ अर्ब बरावरको ऋणपत्र मध्ये ६०% अर्थात १२ लाख कित्ता ऋणपत्रले हुन आउने कूल रु.१२० करोड ऋणपूँजी रकम व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने तथा ४०% अर्थात ८ लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु.८० करोड ऋणपूँजी रकम (सो मध्ये ५% अर्थात ४०,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्याइएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिने ।

१. संस्थाको नाम : **एभरेष्ट बैंक लिमिटेड (Everest Bank Limited) ।**

२. संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.३ लाजिम्पाटमा रहेको छ ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस बैंकको मिति २०७९/०९/०१ सम्मको अद्यावधिक तथ्यांक अनुसार नेपाल राष्ट्र बैंकले स्वीकृत गरे बमोजिम नेपाल भित्र देहायका स्थानहरुबाट आफ्नो कारोबार संचालन गर्दै आएको छ ।

क्र.सं.	शाखाको नाम	शाखा रहेको स्थान र जिल्ला	क्र.सं.	शाखाको नाम	शाखा रहेको स्थान र जिल्ला
१	**प्रधान कार्यालय**	**इ.बि.एल. हाउस, लाजिम्पाट, काठमाण्डौं**	६२	लेखनाथ	तालचोक, लेखनाथ
२	न्यूरोड	न्यूरोड, काठमाडौं	६३	अमरसिंह चोक	अमरसिंह चोक, पोखरा, कास्की
३	टेकू	टेकू, काठमाडौं	६४	बेसीशहर	बेसीशहर, लमजुङ
४	नयाँ बानेश्वर	नयाँ बानेश्वर, काठमाडौं	६५	कावासोती	कावासोती, नवलपुर
५	चाबहिल	चाबहिल, काठमाडौं	६६	कुश्मा	सहिद चोक, कुश्मा बजार, पर्वत
६	नयाँ बजार	नयाँ बजार, बालाजु, काठमाडौं	६७	स्याङ्जा	पुतलीबजार-२, शहिद चोक
७	गोल्फुटार	गोल्फुटार, काठमाडौं	६८	विरुवा	विरुवा, स्याङ्जा
८	मैतीदेवी	मैतीदेवी, काठमाडौं	६९	सन्धिखर्क	सन्धिखर्क-९, चुतराबेंशी
९	ठमेल	ए वन बिजनेश कम्प्लेक्स, काठमाडौं	७०	नेपालगञ्ज	सुर्खेत रोड, धम्बोजी
१०	कालिमाटी	कालिमाटी, काठमाडौं	७१	कोहलपुर	कोहलपुर, बाँके
११	बागबजार	बागबजार, काठमाडौं	७२	बाँसगढी	बाँसगढी, बर्दीया
१२	सतुंगल	सतुंगल, काठमाडौं	७३	गुलरिया	गुलरिया न.पा., बर्दीया
१३	कीर्तिपुर	नयाँ बजार, कीर्तिपुर, काठमाडौं	७४	तुलसीपुर	बीपी चोक, तुलसीपुर, दाङ्ग
१४	पुल्चोक	पुल्चोक, ललितपुर	७५	लमही	लमही, दाङ
१५	ग्वार्को	ग्वार्को, ललितपुर	७६	तौलीहवा	पुरानो हाटबजार, लुम्बिनी रोड, तौलिहवा, कपिलबस्तु
१६	लगनखेल	लगनखेल (बसपार्क), ललितपुर	७७	कृष्णनगर	कृष्णनगर-२, कपिलबस्तु
१७	भक्तपुर	सूर्यविनायक, भक्तपुर	७८	चन्द्रौटा	चन्द्रौटा, कपिलबस्तु
१८	गोंगबु	सामाखुशी चोक, गोंगबु	७९	बुटवल	मल्ली कम्प्लेक्स, वीपी पथ, बुटवल
१९	बाग्डोल	ललितपुर	८०	भैरहवा	प्रहरी टोल, सिद्धार्थनगर, भैरहवा
२०	सातदोबाटो	सातदोबाटो, ललितपुर	८१	लुम्बिनी	मधुवनी-८, लुम्बिनी
२१	जोरपाटी	जोरपाटी, काठमाडौं	८२	बजाङ	जयपृथ्वी न.पा., बजाङ
२२	नक्साल	नक्साल, काठमाडौं	८३	सुरमा	सुरमा बजाङ
२३	सीतापाइला	सीतापाइला, काठमाडौं	८४	तालकोट	तालकोट, बजाङ
२४	जडिबुटी	जडिबुटी, काठमाडौं	८५	शिखर	शिखर, डोटी
२५	नारायणगढ	शहीदपथ, नारायणगढ	८६	दिपायल	दिपायल, डोटी
२६	टांडी	टांडी, चितवन	८७	धनगढी	धनगढी, कैलाली
२७	पर्सा	पर्सा, चितवन	८८	टिकापुर	टिकापुर
२८	बनेपा	बनेपा, काभ्रेपलान्चोक	८९	सुक्खड	सुक्खड, कैलाली
२९	हेटौडा	बैंकरोड, हेटौडा, मकवानपुर	९०	महेन्द्रनगर	भिमदत्त न.पा., महेन्द्रनगर
३०	धादिङ	धादिङ	९१	अत्तरीया	अत्तरीया, कैलाली
३१	बट्टार	बट्टार, नुवाकोट	९२	बौनिया	बौनिया, कैलाली
३२	दुप्चेश्वर	दुप्चेश्वर, नुवाकोट	९३	लम्की	लम्की, कैलाली
३३	सिमरा	सिमराचोक, सिमरा	९४	झल्लारी	झल्लारी, कञ्चनपुर
३४	कलैया	कलैया, बारा	९५	सानोगाँउ	सानोगाँउ, ललितपुर
३५	जनकपुर	मिल्स एरिया, जनकपुर	९६	कञ्चनबारी	कञ्चनबारी, मोरङ
३६	पिपरा	पिपरा,महोत्तरी	९७	ईनरुवा	ईनरुवा, सुनसरी
३७	बीरगंज	आदर्शनगर, बीरगंज	९८	महेन्द्रनगर धनुषा	महेन्द्रनगर धनुषा
३८	आई.सि.डी. शाखा	ड्राइपोर्ट, पर्सा	९९	घोराही	घोराही, दाङ
३९	चन्द्रनिगाहपुर	चन्द्रनिगाहपुर गा.वि.स.-१, गौर रोड	१००	हाकिमचोक	हाकिमचोक, नारायणघाट
४०	गरुडा	गरुडा, रौतहट	१०१	गाईघाट	गाईघाट,उदयपुर
४१	राजविराज	राजविराज न.पा.-१, त्रिभुवन चोक	१०२	दमौली	दमौली, तनहु
४२	कञ्चनपुर	कञ्चनपुर, सप्तरी	१०३	धार्के	धार्के, धादिङ
४३	मिर्चैया	मिर्चैया, सिराहा	१०४	भैसेपाटी	भैसेपाटी, ललितपुर
४४	भोजपुर	भोजपुर, भोजपुर	१०५	बुढानिलकण्ठ	बुढानिलकण्ठ, काठमाडौं
४५	फिक्कल	फिक्कल, इलाम	१०६	योगिकुटी	तिलोत्तमा-२, रुपन्देही
४६	विर्तामोड	विर्तामोड, झापा	१०७	खैरेनी	देवदह-२, रुपन्देही
४७	दमक	दमक, झापा	१०८	मणिग्राम	तिलोत्तमा-५, रुपन्देही
४८	विराटनगर	हनुमानदास रोड, विराटनगर	१०९	मुर्गिया	सैनामैना-३, रुपन्देही
४९	विराटचोक	विराटचोक, मोरङ	११०	जीतपुर	वाणगंगा-१, कपिलवस्तु
५०	ओखलढुङ्गा	ओखलढुङ्गा	१११	जमल	जमल, काठमाडौं
५१	खाँदबारी	खाँदबारी, संखुवासभा	११२	जरङ्खु	तारकेश्वर-८, काठमाडौं
५२	सिलिङ्गचोङ	सिलिङ्गचोङ, संखुवासभा	११३	महाराजगंज	महाराजगंज, काठमाडौं
५३	माहाकुलुङ्ग	माहाकुलुङ्ग, सोलुखुम्बु	११४	काडाँघारी	काडाँघारी, काठमाडौं
५४	दुहबी	दुहबी, सुनसरी	११५	ठिमी	मध्यपुर ठिमी, भक्तपुर
५५	इटहरी	इटहरी, सुनसरी	११६	परासी	परासी, नवलपरासी
५६	धरान	धरान, सुनसरी	११७	राजापुर	राजापुर, बर्दिया
५७	सुर्खेत	वीरेन्द्र चोक, वीरेन्द्रनगर, सुर्खेत	११८	तैखेल	तैखेल, ललितपुर
५८	रुकुम	पश्चिम रुकुम, मुसीकोट	११९	सुन्दरबस्ती	सुन्दरबस्ती, काठमाडौं
५९	बाग्लुङ्ग	आवा रोड, बाग्लुङ्ग	१२०	पथरी	पथरी, मोरङ
६०	गोरखा	शक्ति चोक, गोरखा बजार-३	१२१	धुलावारी	धुलावारी झापा
६१	पोखरा	न्यूरोड, पोखरा	१२२	बिरौटा	बिरौटा, कास्की
			१२३	लालवन्दी	लालवन्दी, सर्लाही

५. संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

एभरेष्ट बैंक लिमिटेड प्रचलित कम्पनी कानून बमोजिम मिति २०४९/०८/०१ मा नेपाल सरकार, वाणिज्य विभागमा पब्लिक लिमिटेडको रुपमा दर्ता भएको कम्पनी हो । साथै, मिति २०५१/०६/११ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी कम्पनीले मिति २०५१/०७/०१ गतेदेखि आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ (तत्कालीन बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१) बमोजिम नेपाल राष्ट्र बैंकले "क" वर्ग को बैंकको रुपमा कम्पनीलाई मिति २०६३/०१/१३ मा पुनः इजाजत प्रदान गरे अनुसार हाल "क" वर्ग को इजाजतप्राप्त संस्थाको रुपमा बैंकले आफ्नो कारोवार सञ्चालन गरी आएको छ । यस कम्पनीमा ३९.२०% शेयर स्वामित्व संस्थापक शेयरधनीहरुको रहेको छ, ४०.७७% शेयर स्वामित्व सर्वसाधारण शेयरधनीहरुको रहेको छ भने बाँकी २०.०३% शेयर संयुक्त लगानीकर्ता पञ्जाब नेशनल बैंक, नँया दिल्ली, भारतको नाममा रहेको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेकाछन् ।

- (क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
- (ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,
- (ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारी मूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रवद्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र
- (घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने,

अन्य ऋणपत्र र यस ऋणपत्र बीचको फरक : नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन २०७८ को निर्देशन नं. १६ को बुँदा नं. ५ को उपबुँदा नं. (६) ले "उर्जा क्षेत्रमा दीर्घकालीन साधनको उपलब्धता सहज बनाउन उर्जा क्षेत्रमा लगानीको अनुभव हासिल गरेको वाणिज्य बैंकहरुले सम्बन्धित निकायबाट स्वीकृति लिई उर्जा ऋणपत्र (Energy Bond) जारी गर्न सक्नेछन्" भन्ने व्यवस्था गरे बमोजिम उर्जा ऋणपत्र (Energy Bond) जारी गर्नको लागि यस एभरेष्ट बैंक लि. योग्य रहेको र सोही बमोजिम यस बैंकले नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरेको । ***अन्य ऋणपत्र सामान्यतः*** बैंकको कर्जा तथा अन्य लगानीका लागि र पूँजीकोष बढाउनका लागि जारी हुने र यस ऋणपत्र उर्जा क्षेत्रमा लगानीको बृद्धि गरि राज्यले उर्जा क्षेत्रको विकासका लागि लिएको लक्ष्य तथा सोका लागि नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिमको विषेश लक्ष्यका लागि जारी हुने भएकाले यस ऋण उद्देश्यगत रुपमा अन्य ऋणपत्र भन्दा भिन्न रहेको छ ।

बैंकको हाल उर्जा क्षेत्रमा रहेको लगानीको विवरण (२०७९ आषाढ मसान्तसम्मको विवरण)

क्र.सं.	क्षेत्र	उर्जा क्षेत्रमा भएको लगानी संख्या	उर्जा क्षेत्रमा भएको लगानी रकम (करोडमा)	वित्तीय व्यवस्थापन भएको हाइड्रोपावर कम्पनीको संख्या	स्वीकृत कर्जा (करोडमा)
१	उर्जा	१६	७९४.६५	१६	२६९६.४४

साथै, यस बैंकले स्थापनाकालदेखि शेयरधनीहरुलाई उच्चतम लाभांश प्रदान गरिरहेको छ । हालसम्म बैंकले प्रदान गरेको नगद लाभांश तथा बोनश शेयर निम्नानुसार रहेको छ ।

क्र.स.	आर्थिक बर्ष	नगद लाभांश	बोनश सेयर	जम्मा/कूल (प्रतिशतमा)	क्र.स.	आर्थिक बर्ष	नगद लाभांश	बोनश सेयर	जम्मा/कूल (प्रतिशतमा)
१	५५/५६	१०% अन्तरिम	-	१५%	१२	६७/६८	५०%	१०%	६०%
२	५६/५७	-	२०%	२०%	१३	६८/६९	-	३०%	३०%
३	५८/५९	-	२०%	२०%	१४	६९/७०	५०%	१०%	६०%
४	५९/६०	२०%	-	२०%	१५	७०/७१	५०%	१२%	६२%
५	६०/६१	२०%	-	२०%	१६	७१/७२	५%	३०%	३५%
६	६१/६२	-	२०%	२०%	१७	७२/७३	-	७०%	७०%
७	६२/६३	२५%	-	२५%	१८	७३/७४	-	३३%	३३%
८	६३/६४	१०%	३०%	४०%	१९	७४/७५	२०%	-	२०%
९	६४/६५	२०%	३०%	५०%	२०	७५/७६	२०%	५%	२५%
१०	६५/६६	३०%	३०%	६०%	२१	७६/७७	५.५३%	५%	१०.५३%
११	६६/६७	३०%	३०%	६०%	२२	७७/७८	४.३२%	६%	१०.३२%
					२३	७८/७९	७.६८%	१३%	२०.६८%

६. पूँजी संरचना सम्बन्धी जानकारी :

अधिकृत पूँजीः यस बैंकको अधिकृत पूँजी रु.१०,००,००,००,०००/- (अक्षेरुपी दश अर्व) रहेको छ, उक्त पूँजीलाई निम्न बमोजिम विभाजन गरिएको छ ।

(अ) रु.१००/- का दरले रु.९,९६,००,००,०००/- (अक्षेरुपी नौ अर्ब छ्यानब्बे करोड रुपैया) को ९,९६,००,०००/- नौ करोड छ्यानब्बे लाख) थान साधारण शेयर ।
(आ) रु.१००/- का दरले रु.४,००,००,०००/- (अक्षेरुपी चार करोड रुपैंया) को ४,००,००० (चार लाख) थान साधारण शेयरमा क्रमशः परिणत हुने अग्राधिकार शेयर ।

जारी पूँजी : यस बैंकको तत्काल जारी पूँजी रु.९,४६,७३,४०,२०९/- (अक्षेरुपी नौं अर्ब छ्यालीस करोड त्रीहत्तर लाख चालीस हजार दुई सय नौं रुपैया) रहेको छ । उक्त पूँजीलाई निम्न बमोजिम विभाजन गरिएको छ ।

(अ) रु.१००/- का दरले रु.९,४२,७३,४०,२०९/- (अक्षेरुपी नौ अर्ब बयालीस करोड त्रीहत्तर लाख चालीस हजार दुई सय नौ रुपैया) को ९,४२,७३,४०२/०९ (नौं करोड बयालीस लाख त्रीहत्तर हजार चार सय दुई र ०९/१००) थान साधारण शेयर ।
(आ) रु.१००/- का दरले रु.४,००,००,०००/- (अक्षेरुपी चार करोड रुपैंया) को ४,००,००० (चार लाख) थान साधारण शेयरमा क्रमशः परिणत हुने अग्राधिकार शेयर ।

चुक्ता पूँजी : यस बैंकको तत्काल जारी पूँजी रु.९,४६,७३,४०,२०९/- (अक्षेरुपी नौं अर्ब छ्यालीस करोड त्रीहत्तर लाख चालीस हजार दुई सय नौं रुपैया) रहेको छ । उक्त पूँजीलाई निम्न बमोजिम विभाजन गरिएको छ ।

(अ) रु.१००/- का दरले रु.९,४२,७३,४०,२०९/- (अक्षेरुपी नौ अर्ब बयालीस करोड त्रीहत्तर लाख चालीस हजार दुई सय नौ रुपैया) को ९,४२,७३,४०२/०९ (नौ करोड बयालीस लाख त्रीहत्तर हजार चार सय दुई र ०९/१००) थान साधारण शेयर ।
(आ) रु.१००/- का दरले रु.४,००,००,०००/- (अक्षेरुपी चार करोड रुपैंया) को ४,००,००० (चार लाख) थान साधारण शेयरमा क्रमशः परिणत हुने अग्राधिकार शेयर ।

७. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोहि अनुरुप):

ऋणपत्र निष्काशन गरी बाँडफाँट गरे पश्चात् बैंकको शेयर पूँजी र ऋणपत्र पूँजीको संरचना :

(अ) **शेयर पूँजी :**

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक शेयरधनीहरु	३,६९,५६,७२५.००	३९.२०	३,६९,५६,७२,५००/-	शतप्रतिशत
(ख)	सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	३,८४,३४,४४७.०९	४०.७७	३,८४,३४,४४,७०९/-	शतप्रतिशत
(ग)	बैदेशिक लगानीकर्ता-पंजाब नेशनल बैंक	१,८८,८२,२३०.००	२०.०३	१,८८,८२,२३,०००/-	शतप्रतिशत
	जम्मा	९,४२,७३,४०२.०९	१००	९,४२,७३,४०,२०९/-	

(आ) **ऋण पूँजी :**

विवरण	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
८% एभरेष्ट बैंक लिमिटेड ऋणपत्र २०७९	४,६८,८४५,०००/-	शतप्रतिशत
एभरेष्ट बैंक लिमिटेड ऋणपत्र (Debenture), २०८६	८५६७८३,०००/-	शतप्रतिशत
एभरेष्ट बैंक लिमिटेड ऋणपत्र, २०८५	२,००,००,००,०००/-	शतप्रतिशत
एभरेष्ट बैंक लिमिटेड उर्जा ऋणपत्र (Energy Bond), २०८९	२,००,००,००,०००/-	निष्काशन प्रकृयामा
जम्मा	५,३२,५६,२८,०००/-	

(इ) **शेयर पूँजी र ऋणपत्रको अनुपातः**

ऋणपत्र निष्काशन पूर्व	ऋणपत्र निष्काशन पश्च्यात्
१००:१४.००	१००:५६.२५

८. सकारात्मक पक्षहरु :

१. देशका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस बैंकको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको ।
२. जोखिम लेखाजोखा पश्चात् मात्र लगानी तथा कर्जाको अवसरहरुमा कोषको प्रवाह भएको ।
३. स्थापनाकालदेखि नै पूर्ण कम्प्युटरीकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको ।
४. बैंकिङ्ग क्षेत्रमा द्रुत गतिमा व्यबसाय विस्तार गर्न सफल रहेको ।

९. संस्थापक/संचालक सम्बन्धी जानकारी :

आधारभूत शेयरधनीहरुको विवरणः

क्र.सं.	नाम, ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	प्रतिशत	अनुभव (पूर्व र हाल)	प्रस्तावित व्यापार/ व्यवसायमा अनुभव
१.	श्री विष्णु कृष्ण श्रेष्ठ पुल्चोक, ललितपुर	संस्थापक	९१ वर्ष	नेपाली	८६,५६,६२९	एम.बि.ए., एलएलबी	९.१८	-	बिभिन्न औद्योगिक प्रतिष्ठानहरुः एसबिएल इण्डिया लि. मा करिब ३० वर्षको कार्य अनुभव, हिमालयन डिष्टिलरी, सिक्कीम भारतमा करिब ३० वर्षको कार्य अनुभव । हाल बिभिन्न व्यापार व्यवसायमा संलग्न हुनुहुन्छ
२.	श्री होटल स्नोलायन प्रा.लि. बागबजार, काठमाण्डौ	संस्थापक	-	-	८७,७३,७४७	-	९.३१	-	-
३.	श्री प्रतिमा श्रेष्ठ शैंबु भैसेपाटी, ललितपुर	संस्थापक	६४ वर्ष	नेपाली	१,३९,८७,७०९	ब्याचलर इन फिजियोथेरापी	१४.८४	हिमाल हस्पिटलमा फिजियोथेरापीष्टको रुपमा आबद्ध हुनुहुन्छ	-
४	श्री रबि कृष्ण श्रेष्ठ ताहाचल, काठमाण्डौ	संस्थापक	५२ वर्ष	नेपाली	१७,६९,५७०	बि.कम	१.८८	-	बिभिन्न व्यापार व्यवसायमा संलग्न हुनुहुन्छ
५	श्री किरण कृष्ण श्रेष्ठ ताहाचल, काठमाण्डौ	संस्थापक	५३ वर्ष	नेपाली	१७,६९,५६९	बि.कम	१.८८	-	संगित, कला तथा साहित्य क्षेत्रमा संलग्न हुनुहुन्छ
६	श्री अरुणमान शेरचन सानेपा, ललितपुर	संस्थापक	६६ वर्ष	नेपाली	८,८६,१५४	आई.कम.	०.९४	-	मल्पी इन्टरनेशनल कलेज तथा पशुपति पेपर मार्ट प्रा.लि.संग स्थापनाकाल देखि आबद्ध हुनुहुन्छ
७	श्री शान्तदेव पाठक कमलपोखरी, काठमाण्डौ	संस्थापक	६९ वर्ष	नेपाली	११,१३,३४७	एम. कम	१.१८	-	महेन्द्र सुगर मिल्ससंग आबद्ध हुनुहुन्छ

संचालकहरुको विवरणः

क्र.सं.	नाम, ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	प्रतिशत	अनुभव (पूर्व र हाल)	प्रस्तावित व्यापार/ व्यवसायमा अनुभव
१.	श्री विष्णु कृष्ण श्रेष्ठ पुल्चोक, ललितपुर	अध्यक्ष (संस्थापक समूह)	९१ वर्ष	नेपाली	८६,५६,६२९	MBA, LLB	९.१८	-	बिभिन्न औद्योगिक प्रतिष्ठानहरुः एसबिएल इण्डिया लि. मा करिब ३० वर्षको कार्य अनुभव, हिमालयन डिष्टिलरी, सिक्कीम भारतमा करिब ३० वर्षको कार्य अनुभव । हाल बिभिन्न व्यापार व्यवसायमा संलग्न हुनुहुन्छ
२.	श्री अरुणमान शेरचन सानेपा, ललितपुर	संचालक (संस्थापक समूह)	६६ वर्ष	नेपाली	८,८६,१५४ संस्थापक २१,३१,६१९ साधारण	I.COM	०.९४	-	मल्पी इन्टरनेशनल कलेज तथा पशुपति पेपर मार्ट प्रा.लि. संग स्थापनाकालदेखि आबद्ध हुनुहुन्छ
३.	डा. बाल गोपाल बैद्य सितापाईला, काठमाडौं	संचालक (संस्थापक समूह)	७० वर्ष	नेपाली	-	PHD Economics	-	पुर्व सदस्य राष्ट्रिय योजना आयोग तथा हाल अनुसन्धानको क्षेत्रमा संलग्न न्यू इरा नामक संस्थासंग आवद्ध हुनुहुन्छ	-
४.	श्री नविन भक्त श्रेष्ठ बोलाछें, भक्तपुर-१४	संचालक (सर्वसाधारण समूह)	५५ वर्ष	नेपाली	२,१४७	B.COM	०.००२३	-	नबिन ट्रेडर्स नामक ब्यापारिक संस्थामा स्थापनाकालदेखि आवद्ध (प्रोप्राइटर) हुनुहुन्छ
५.	श्रीमती उर्मिला श्रेष्ठ सानेपा, ललितपुर	संचालक (सर्वसाधारण समूह)	६४ वर्ष	नेपाली	१,९१७	MA, Economics	०.००२	पुर्व अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत महिला सहकारी संस्था लि., आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र, त्रिभुवन विश्व बिद्यालयमा सहायक अनुसन्धानकर्ता तथा नमुना मछिन्द्र कलेजमा अध्यापकको रुपमा कार्य अनुभव रहेको छ	-
६.	डा. तारक बहादुर के.सी. कलंकी, काठमाडौं	संचालक (स्वतन्त्र सञ्चालक)	६६ वर्ष	नेपाली	-	PHD	-	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको पुर्व उप निर्देशक पदमा कार्य अनुभव रहेको र हाल अनुसन्धानकर्ताको रुपमा कार्यरत हुनुहुन्छ	-
७.	श्री राकेश ग्रोवर	संचालक बैदेशीक लगानीकर्ता समूह)	५७ वर्ष	भारतीय	-	MBA, CAIIB	-	पंजाव नेशनल बैंक भारतमा बिगत ३४ वर्षदेखि कार्यरत	-

१०. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

यस बैंकमा ७ (छ) जनाको सञ्चालक समिति रहनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :

(क) संस्थापक समूहका शेयरधनीहरुमध्येबाट मनोनित (समूह क)	३ (तीन) जना
(ख) सर्वसाधारण समूहबाट निर्वाचित (समूह ख)	२ (दुई) जना
(ग) बैदेशिक लगानीकर्ता समूह (समूह ग)	१ (एक) जना
(घ) स्वतन्त्र सञ्चालक	१ (एक) जना
जम्मा	७ (सात) जना

संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :
यस बैंकको नियमावलीको नियम १३ मा व्यवस्था भए अनुसार बैंकको सञ्चालकको पदमा नियुक्त हुनका लागि आफ्नो नाममा कम्तिमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ । तर बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ बमोजिम नियुक्ति हुने स्वतन्त्र सञ्चालकको हकमा सो व्यवस्था लागु हुने छैन ।

११. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भईनसकेको अवस्थामा संचालन अवधिभरको लेखा परीक्षण भएको वासलात तथा नाफा-नोक्सान सहितको संक्षिप्त विवरण :

वासलात

(रकम रु.हजारमा)

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.ब. २०७६/७७	आ.ब. २०७७/७८	आ.ब. २०७८/७९	आ.ब. २०७९/८०	आ.ब. २०८०/८१	आ.ब. २०८१/८२
सम्पत्ति						
नगद तथा नगद समान	९,६४६,९४८	९,१६३,४०८	१४,०२४,३६४	११,४७५,३३२	१३,३४२,५७७	१५,७७३,२६१
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम	१९,९७२,६७५	२८,८३८,५७२	११,१०५,०३२	२३,५७१,६६६	२६,९७६,६७४	३०,९११,१३५
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा लगानी	३,१२५,२००	२,१४४,७००	२,८७५,५००	३,६१७,८१०	३,७९८,७००	३,९८८,६३५
व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	१४,५३७	-	१५,७६७	-	-	-
अन्य व्यापारीक सम्पत्तिहरु	-	-	-	-	-	-
बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटी	६,८५७,५००	७,४८६,०२४	९,५७३,३११	१०,८२५,६६०	१२,४४७,७९१	१४,३१५,६८८
ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी	११२,२११,७३८	१२७,६८७,२२५	१४५,४८०,५२९	१६९,६०२,०११	१९५,०१५,३९३	२२४,२७९,११२
धितोपत्रमा गरेको लगानी	२८,८१३,५१०	३१,४६०,०३३	३५,६७४,३३७	३३,८६६,२५२	३५,४५१,०६५	३७,०९३,४१८
चालू कर सम्पत्ति	२२६,७१३	४४१,०८०	५४८,६६५	-	-	-
सहायक कम्पनीमा लगानी	-	-	-	-	-	-
सम्बद्ध कम्पनीमा लगानी	३७९,०२३	५०२,३१६	७१३,६६०	७२३,३३५	८६८,००२	१,०४१,६०२
सम्पत्तिमा लगानी	२१,०४०	२,२०३	२,२०३	२,२०३	२,२०३	२,२०३
सम्पत्ति र उपकरण	२,१५१,०५४	२,७३७,९१३	३,६३५,५६८	३,७६४,७४५	३,९५२,९८३	४,१५०,६३२
गुडवील (ख्याती) र अमुर्त सम्पत्ति	४६,१३६	३२,८३७	२३,०७६	७६,८३२	८०,६७३	८४,७०७
स्थगन कर सम्पत्ति	-	-	१११,९५७.४३			
अन्य सम्पत्ति	१,५५७,११५	१,१५३,९४०	१,५९७,३५४	१,७५७,०८९	१,९३२,७९८	२,१२६,०७८
कुल सम्पत्ति	**१८५,०२३,१९०**	**२११,६५०,२४९**	**२२५,३८१,३२३**	**२५९,२८२,९३४**	**२९३,८६८,८५८**	**३३३,७६६,४७०**
पूँजी तथा दायित्व				-	-	-
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी कर्जा/सापटी	१,१८२,८३४	६७८,९७५	७३३,०७३	१,५९४,८००	१,८३४,०२०	२,१०९,१२३
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम	३२,८८६	२,११२,१८५	२,९१९,२५९	६,०२२,७८५	६,६२५,०६४	७,२८७,५७०
व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	-	२७,९२५	-	-	-	-
ग्राहकको निक्षेप दायित्व	१४३,५४५,४७५	१६०,२२०,२५७	१७२,७३९,१८५	१९७,७५५,२००	२२७,४१८,४८०	२६१,५३१,२५२
सापटी	-	-	२,५५६,०००	-	-	-
चालू कर दायित्व	-	-	-	-	-	-
व्यवस्था रकमहरु	-	-	-	-	-	-
स्थगन कर दायित्व	१२७,३७०	४१०,४६४	-	४१०,४६४	४१०,४६४	४१०,४६४
अन्य दायित्वहरु	२०,४२८,४२२	२७,०४७,९९३	२२,३१३,६२५	२३,१५५,८१४	२३,६९१,६५०	२४,२४४,६५४
जारी गरिएको ऋणपत्र (Debt Securities Issues)	१,०६८,८४५	४६८,८४५	१,३२५,६२८	४,८५६,७८३	४,८५६,७८३	४,८५६,७८३
असुरक्षित सहायक आवधीक दायित्व	-	-	-	-	-	-
कूल दायित्व	**१६६,३८५,८३३**	**१९०,९६६,६४४**	**२०२,५८६,७७०**	**२३३,७९५,८४६**	**२६४,८३६,४६०**	**३००,४३९,८४६**
शेयर पूँजी	८,५१०,२०७	८,९३३,७१७	९,४६७,३४०	१०,६९८,०९४	१०,६९८,०९४	१०,६९८,०९४
शेयर प्रिमियम	२३८,४७०	२३८,४७०	२३८,४७०	२३८,४७०	२३८,४७०	२३८,४७०
सञ्चित मुनाफा	१,७९३,०६६	२,३६४,२०८	३,०७७,११६	४,१७९,०१८	६,४३१,९३२	९,२८३,९८०
जगेडा	८,०९५,६१४	९,१४७,२११	९,२११,६२६	१०,३७१,५०७	११,६६३,९०२	१३,१०६,०८१
शेयरधनीहरुलाई बाँडफाँड योग्य कूल इक्विटी	**१८,६३७,३५६**	**२०,६८३,६०५**	**२२,७९४,५५३**	**२५,४८७,०८८**	**२९,०३२,३९८**	**३३,३२६,६२४**
जम्मा दायित्व र पूँजी	**१८५,०२३,१९०**	**२११,६५०,२४९**	**२२५,३८१,३२३**	**२५९,२८२,९३४**	**२९३,८६८,८५८**	**३३३,७६६,४७०**

नाफा-नोक्सान हिसाब

(रकम रु.हजारमा)

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.ब. २०७६/७७	आ.ब. २०७७/७८	आ.ब. २०७८/७९	आ.ब. २०७९/८०	आ.ब. २०८०/८१	आ.ब. २०८१/८२
व्याज आम्दानी	१३,९५६,१८९	११,५१५,५२८	१५,४६७,१८०	२०,१५२,३५४	२३,१३८,८५१	२६,४५३,०२८
व्याज खर्च	(८,६४५,७७८)	(७,५५९,२०९)	(१०,२८५,७६४)	(१४,३५४,३२४)	(१५,९६६,०४५)	(१८,०८८,००३)
खुद व्याज आम्दानी	**५,३१०,४१०**	**३,९५६,३१९**	**५,१८१,४१६**	**५,७९८,०३०**	**७,१७२,८०५**	**८,३६५,०२५**
शुल्क तथा कमिशन आम्दानी	१,१४४,६५७	९७८,९०२	१,२९४,९५८	१,०८३,४७८	१,१३७,६५२	१,३६५,१८३
शुल्क तथा कमिशन खर्च	(१२८,५०३)	(२१०,७३७)	(२६३,०७३)	(१४६,०९२)	(१६०,७०२)	(१७६,७७२)
खुद शुल्क र कमिशन आम्दानी	१,०१६,१५४	७६८,१६५	१,०३१,८८४	९३७,३८६	९७६,९५१	१,१८८,४११
खुद व्याज, शुल्क र कमिशन आम्दानी	६,३२६,५६४	४,७२४,४८३	६,२१३,३०१	६,७३५,४१६	८,१४९,७५६	९,५५३,४३६
खुद व्यापारिक आम्दानी	२६३,५६६	३६७,२३९	२९९,४९१	३१४,४६५	३४५,९१२	३८०,५०३
अन्य सञ्चालन आम्दानी	१२२,२०७	२१४,२८२	२९४,२८८	३०९,००२	३५५,३५२	४०८,६५५
जम्मा सञ्चालन आम्दानी	**६,७१२,३३७**	**५,३०६,००४**	**६,८०७,०७९**	**७,३५८,८८३**	**८,८५१,०२०**	**१०,३४२,५९४**
कर्जा तथा अन्य सम्पत्तीमा हानी/नोक्सानीको व्यवस्था/(फिर्ता)	(५४८,४७०)	(२६२,३६८)	(३२५,४४६)	(१६३,६३५)	(३४३,७४७)	(३५४,३६३)
Additional LLP @ 0.3%		-	-	(७५,१२९)	(८१,०१५)	(९३,३३९)
खुद सञ्चालन आम्दानी	**६,१६३,८६६**	**५,०४३,६३६**	**६,४८१,६३३**	**७,१२०,११९**	**८,४२६,२५७**	**९,८९४,८९२**
सञ्चालन खर्च	-	-	-	-	-	-
कर्मचारी खर्च	(१,६४६,८४०)	(१,६११,०६२)	२,०४५,४७०	(२,१७१,३०३)	(२,४४७,८४६)	(२,७५५,२३१)
अन्य सञ्चालन खर्च	(७८४,४९९)	(७२४,३१०)	५९२,२२१	(७१०,९८३)	(७८२,०८१)	(८६०,२८९)
ह्रासकट्टी र परिशोधन	(१४९,८३५)	(१५९,८५७)	२९३,१८८	(११६,८७४)	(१२८,५६१)	(१४१,४१७)
जम्मा सञ्चालन खर्च	**(२,५८१,१७५)**	**(२,४९५,२२८)**	**(२,९३०,८७९)**	(२,९९९,१५९)	(३,३५८,४८८)	(३,७५६,९३८)
सञ्चालन मुनाफा	**३,५८२,६९२**	**२,५४८,४०८**	**३,५५०,७४६**	४,१२०,९५९	५,०६७,७६९	६,१३७,९५४
गैर सञ्चालन आम्दानी	-	-	-	-	-	-
गैर सञ्चालन खर्च	(६१३)	(८७)	(२,५१३)	(२,७६४)	(३,०४१)	(३,३४५)
आयकर अधिको मुनाफा	**३,५८२,०७९**	**२,५४८,३२२**	**३,५४८,२४१**	**४,११८,१९५**	**५,०६४,७२८**	**६,१३४,६०९**
आयकर खर्च/आम्दानी	**(१,०६५,८३५)**	**(७७७,३८२)**	-	**(१,२३५,४५८)**	**(१,५१९,४१८)**	**(१,८४०,३८३)**
चालु आयकर	(१,०७९,४४१)	(७९०,२४४)	(१,०५५,४४४)	(१,२३५,४५८)	(१,५१९,४१८)	(१,८४०,३८३)
स्थगन आयकर	१३,६०६	१२,८६२	(१३,३९६)	-	-	-
यस अवधिको मुनाफा	**२,५१६,२४४**	**१,७७०,९३९**	**२,४७९,४०१**	**२,८८२,७३६**	**३,५४५,३१०**	**४,२९४,२२६**

वित्तीय प्रक्षेपणका आधारहरु तथा तरिका

विवरण	प्रक्षेपित		
	आ.ब.०७९/०८०	आ.ब.०८०/०८१	आ.ब.०८१/०८२
निक्षेप बृद्धिदर	१५.४१%	१५.००%	१५.००%
कर्जा तथा सापट बृद्धिदर	१६.३१%	१५.००%	१५.००%
लगानीमा बृद्धी	५.००%	५.००%	५.००%
कर्मचारी खर्चमा बृद्धी	१०.००%	१०.००%	१०.००%
संचालन खर्चमा बृद्धी	१०.००%	१०.००%	१०.००%
जम्मा खर्चमा बृद्धी	२९.८६%	१२.९४%	१३.४४%
कर्जा निक्षेप अनुपात (CCD Ratio)	८६.४०%	८६.७१%	८७.०१%
आयकर दर प्रतिशत	३०.००%	३०.००%	३०.००%
निक्षेपको लागत दर	७.५०%	७.२५%	७.१६%
औषत ब्याज आम्दानी दर	११.००%	११.००%	११.००%
Lending-deposits spread	३.५०%	३.७५%	३.८४%
निश्क्रिय कर्जा प्रतिशत	०.१६%	०.१८%	०.१८%
अनिवार्य नगद मौज्दात (CRR)	११.९९%	११.९१%	११.८६%
बैधानीक तरलता अनुपात (SLR)	३२.८८%	३१.६२%	३०.६५%
Core Capital Ratio	१०.७६%	१०.९९%	११.२८%
पूँजीकोष अनुपात (CAR)	१२.६५%	१२.६४%	१२.७४%
EPS	२६.९५%	३३.१४%	४०.१४%
ROA	१.११%	१.२१%	१.२९%
Book Value per Share	२३८.२४	२७१.३८	३११.५२
Return on Equity	१२.६५%	१३.९१%	१४.७९%

माथि उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको विगतका बर्षहरुको कारोवारको वृद्धि, भावी योजनाहरु एवम् शाखा संजाल विस्तार गर्ने रणनीति, हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञ श्री N.Amatya & Co का चार्टर्ड एकाउन्टेन्ट श्री मनिस अमात्य (साझेदार) रहनु भएको छ । बैंकले कर्जा निक्षेप अनुपात, संचालन खर्च बृद्धिदर, निश्क्रिय कर्जा प्रतिशत, अनिवार्य नगद मौज्दात, बैधानीक तरलता अनुपात तथा पूँजीकोष अनुपातका साथै नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड अनुरुप कायम गरी वित्तीय विवरणको प्रक्षेपण गरेको हो ।

सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी ३ बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :

विवरण	वास्तविक (रु.हजारमा)				प्रक्षेपित (रु.हजारमा)		
	आ.ब.२०७५/७६	आ.ब.२०७६/७७	आ.ब.२०७७/७८	आ.ब.२०७८/७९	आ.ब.२०७९/८०	आ.ब.२०८०/८१	आ.ब.२०८१/८२
चुक्ता पुंजी	८,१०६,८६३	८,५१०,२०७	८,९३३,७१७	९,४६७,३४०	१०,६९८,०९४	१०,६९८,०९४	१०,६९८,०९४
जगेडा तथा कोषहरु	९,५१८,२००	१०,१२७,१५०	११,७४९,८८८	१३,३२७,२१२	१४,७८८,९९५	१८,३३४,३०४	२२,६२८,५३१
कुल	**१७,६२५,०६३**	**१८,६३७,३५६**	**२०,६८३,६०५**	**२२,७९४,५५२**	**२५,४८७,०८९**	**२९,०३२,३९८**	**३३,३२६,६२५**
घटाउने : अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-	-
कुल नेटवर्थ	**१७,६२५,०६३**	**१८,६३७,३५६**	**२०,६८३,६०५**	**२२,७९४,५५२**	**२५,४८७,०८९**	**२९,०३२,३९८**	**३३,३२६,६२५**
शेयर संख्या (हजारमा)	८०,२६९	८४,७०२	८८,९३७	८९,३३८	८९,१३४	८९,५६२	८९,९८२
प्रति शेयर नेटवर्थ (रु.)	२१९.५८	२२०.०२	२३२.५६	२५५.१५	२८५.९४	३२४.१६	३७०.३७
प्रति शेयर आम्दानी (रु.)	३८.०५	२९.७१	१९.९१	२६.१९	२६.९५	३३.१४	४०.१४
नेटवर्थमा औसत प्रतिफल (५)	१७.३३	१३.५	८.५६	१०.८८	११.३१	१२.२१	१२.८९

विगत तीन वर्षको नेटवर्थमा भएको औसत प्रतिफलः १०.९८ प्रतिशत

१२. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**
१. निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
२. नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम** : लागू नहुने ।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
१. नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
२. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (cost overrun) को जोखिम** : लागू नहुने ।

(ङ) **विदेशी विनिमयको जोखिम :**
देशको बैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।

(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु** : लागू नहुने ।

(छ) **क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिम :**
१. नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
२. देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।

(झ) **संचालन इतिहासको अभाव :**
यस बैंकको संचालन इतिहास करिव २५ बर्षको रहेकोछ ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**
नयाँ प्रविधिको विकास सँगै बैंकले प्रयोग गर्ने इन्टरनेटमा आधारित बैंकिङ्ग/वित्तिय लगायतका प्रविधिमा हुने खराबीले पर्न सक्ने संचालन तथा साख सम्बन्धी जोखिम ।

(ट) **अन्य :**
१. बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
२. पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनिकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।
बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा तथा लगानीको लागि जोखिम व्यहोर्ने कोषको व्यवस्था गरेको छ । बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी-नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेकोछ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने बैंकको नीति रहेको छ ।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :

रु.१,०००/- प्रति ऋणपत्रको दरले निष्काशन गरिएको मूल्यले सूचिकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने भएकोले ऋणपत्र मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१३. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

(क) **स्वीकृत विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "एभरेष्ट बैंक लिमिटेड उर्जा ऋणपत्र (Energy Bond),२०८९" निष्काशन गर्न शर्तहरु देहाय बमोजिम रहेको छ :**

- *(अ)* ***ऋणपत्र निष्काशनको शर्त बन्देजहरु :*** ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देजहरु यस विवरणपत्रको दफा ग.१०.छ मा उल्लेख गरिएको छ ।
- *(आ)* ***ऋणपत्रको अवधि (Maturity Period) :*** यस ऋणपत्रको अवधि ऋणपत्र बाँडफाँट भएको दिनबाट १० (दस) बर्षको हुनेछ सो अवधि पश्चात् कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ ।
- *(इ)* ***निष्काशन गरिने ऋणपत्रको रकम :*** प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका २० लाख कित्ता ऋणपत्रले हुनआउने कुल रु.२ अर्व ऋणपूँजी रकममध्ये रु.८० करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका ८ लाख कित्ता ऋणपत्र (सो मध्ये ५% अर्थात ४०,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्याएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशन तथा रु.१२० करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका १२ लाख कित्ता ऋणपत्र विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिनेछ ।
- *(ई)* ***ऋणपत्र साधारण शेयरमा परिणत हुने वा नहुने :*** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र १० (दस) बर्षको अवधि पश्चात् एकमुष्ठ रुपमा भुक्तानी गरिने भएकोले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।
- *(उ)* ***ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period) :*** यस ऋणपत्रको बार्षिक ब्याजदर ७.५०% हुनेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐन अनुसार प्राकृतिक व्यक्तिलाई ५% र अन्य व्यक्तिलाई १५% कर लाग्नेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकम त्रैमासिक रुपले ३/३ महिनामा प्रचलित आयकर ऐन, अनुसार आयकर कट्टा गरी भुक्तानी दिइनेछ ।
- *(ऊ)* ***ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धित व्यवस्था :*** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रलाई नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन नं १६(५)(२) बमोजिम निर्धारित १० (दश) बर्ष समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि कम्पनीले ऋणपत्र भुक्तानी जगेडा कोष (Bond Redemption Reserves) को व्यवस्था गर्नेछ । ऋणपत्रको अवधिमा कम्पनीको नाफा-नोक्सान बाँडफाँड हिसाब खाता (Profit & Loss Appropriation A/c) बाट "एभरेष्ट बैंक लिमिटेड उर्जा ऋणपत्र (Energy Bond) २०८९" भुक्तानी गर्नका लागि प्रचलित कम्पनी ऐन तथा नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुको नाममा जारी निर्देशन बमोजिम ऋणपत्र भुक्तानी जगेडा कोष (Bond Redemption Reserves) खडा गरिने छ । कम्पनीले कुनै आर्थिक बर्षमा मुनाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो बर्षमा ऋणपत्र भुक्तानी जगेडा कोष (Bond Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ । यदि कम्पनीको कुनै आर्थिक वर्षमा मुनाफा नभएमा अघिल्लो वर्षहरुको संचित मुनाफाबाट ऋणपत्र भुक्तानी जगेडा कोष (Bond Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ ।

क्र.सं.	आर्थिक वर्ष	रकम रु.
१.	२०७८/७९	२०.०० करोड
२.	२०७९/८०	२०.०० करोड
३.	२०८०/८१	२०.०० करोड
४.	२०८१/८२	२०.०० करोड
५.	२०८२/८३	२०.०० करोड
६.	२०८३/८४	२०.०० करोड
७.	२०८४/८५	२०.०० करोड
८.	२०८५/८६	२०.०० करोड
९.	२०८६/८७	२०.०० करोड
१०.	२०८७/८८	२०.०० करोड

- *(ए)* ***ऋणपत्रवालाको अधिकार :*** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्ने ऋणपत्रधनीहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रधनीलाई प्राप्त हुने सम्पूर्ण हक सुविधा प्राप्त हुनेछ । तर त्यस्तो ऋणपत्रधनीहरुलाई कम्पनीको साधारण सभामा भाग लिन र मतदात गर्ने अधिकार हुने छैन । कथंकदाचित बैंक टाटपल्टेमा यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडी मात्र हुनेछ ।

(ख) **संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण :**
यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहु र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinate Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रधनीको कुनै निर्दिष्ट हक (Specific Charge) अधिकार हुने छैन । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्धितिय हक हुनेछ । बैंकको सम्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ ।बैंकको सम्पत्ति मध्ये प्रथम हकवालाको रकम आषाढ मसान्त २०७९ मा रु १७४.७३ अर्व रहेको छ ।

(ग) **ट्रष्टीको नाम, ठेगाना तथा ट्रष्टी र कम्पनी बीच भएको सम्झौता (Trustee Deed) को प्रमुख बुँदाहरुः**
ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने व्यवस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टीको व्यवस्था गरिएको छ ।

- *(अ)* ***ट्रष्टीको नाम तथा ठेगाना :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाडौं रहेको छ ।
- *(आ)* ***ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :*** यस विवरणपत्र मार्फत सर्वसाधारणमा तथा ब्यक्तितग तवरबाट विभिन्न ब्यक्ति वा संघ संस्थालाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाडौंलाई उक्त सेवा प्रदान गरे बापत बार्षिक रु.१५,०००/- (अक्षेरुपी पन्ध्र हजार रुपैंया मात्र) ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा भुक्तानी दिइनेछ ।
- *(इ)* ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको ब्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको श्री प्रतिमा नेपाललाई सम्पर्क ब्यक्तिको रुपमा तोकेको छ ।
- *(ई)* ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेकोछ । साथै गुनासोहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ ।
- *(उ)* ***ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :*** ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप मिति २०७९/०२/२० मा सम्झौता गरिएको छ ।
- *(ऊ)* ***ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि ब्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :*** ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि ब्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ ।
- *(ए)* ***ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :*** ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ ।
- *(ऐ)* ***ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक ब्यबस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमासो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्था :*** ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक ब्यबस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने व्यवस्था गरिएको छ ।
- *(ओ)* ***अन्य :***
  - ऋणपत्र ट्रष्टीले ऋणपत्रवालाहरुको हित संरक्षण गर्ने ।
  - कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोबारको परिष्कृत आर्थिक विवरण आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र अनिवार्य रुपमा पठाउनु पर्ने ।
  - कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृती लिनुपर्ने ।
- *(औ)* ***ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रमुख बुँदाहरु :***

१. बैंकको २६ बैशाख, २०७९ को सञ्चालक समितिको निर्णय अनुसार रु.२,००,००,००,०००/- (अक्षेरुपी दुई अर्ब रुपैयाँ मात्र) रकम बराबरको प्रति डिबेञ्चर रु.१०००/- का दरले कुल २०,००,००० कित्ता डिबेञ्चरहरु मध्ये १२,००,००० कित्ता डिबेञ्चर परिपत्र विधिबाट र ८,००,००० कित्ता डिबेञ्चर सार्वजनिक निष्काशन प्रकृयाबाट निष्काशन गरिने क्रममा बैंक र डिबेञ्चरधनीको हित संरक्षण गर्ने जिम्मा डिबेञ्चर ट्रष्टीको रहने छ ।

२. डिबेञ्चरवालाले खरिद गरेको डिबेञ्चरको साँवा र ब्याज भुक्तानी गर्ने समय, ब्याज दर, साँवा ब्याज भुक्तानी गर्ने प्रक्रिया र डिबेञ्चरलाई शेयरमा परिणत गर्ने वा नगर्ने सम्बन्धी व्यवस्था निम्नानुसार रहेको छ ।
   - *अ)* ***डिबेञ्चरको अवधि (Maturity) :*** डिबेञ्चरको अवधि डिबेञ्चर बाँडफाँड भएको दिनबाट १० वर्षका लागि हुनेछ र सो अवधि पश्चात् बैंकले साँवा र भुक्तानी नलिएको ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ ।
   - *आ)* ***डिबेञ्चरको ब्याज दर (Coupon Interest Rate) :*** डिबेञ्चरको वार्षिक ब्याजदर ७.५% हुनेछ र सो ब्याज रकमबाट प्रचलित आयकर ऐन अनुसार करकट्टा गरी भुक्तानी गरिनेछ ।
   - *इ)* ***डिबेञ्चरको ब्याज भुक्तानी गर्ने प्रक्रिया (Interest Payment Process) :*** डिबेञ्चरमा आर्जित ब्याज त्रैमासिक रुपमा ३/३ महिनाको अवधिमा भुक्तानी हुनेछ ।
   - *ई)* ***ब्याज भुक्तानी गर्ने तरिका :*** डिबेञ्चरबाहकलाई ब्याज भुक्तानी गर्नको लागि बैंकले डिबेञ्चरको आवेदन दिंदा उपलब्ध गराएको बैंक खातामा ब्याज भुक्तानी गर्नेछ ।
   - *उ)* ***डिबेञ्चरलाई शेयरमा परिणत गर्ने व्यवस्था :*** डिबेञ्चरलाई साधारण शेयरमा परिवर्तन गर्ने वा Cummulate गर्ने विशेषता नरहेको ।

३. डिबेञ्चर ट्रष्टीको हैसियतले कार्य गर्दा बैंक वा डिबेञ्चरवालालाई कुनै हानी नोक्सानी वा घाटा भएमा वा डिबेञ्चरवालालाई रकम भुक्तानी नभएमा सो को लागि डिबेञ्चर ट्रष्टी जवाफदेही हुने छैन ।

४. बैंक विघटन गर्नु पर्ने अवस्था उत्पन्न भएमा डिबेञ्चर ट्रष्टीले डिबेञ्चरवालाको तर्फबाट गर्न सक्ने कानूनी कारबाही र डिबेञ्चरवालाको अधिकारको प्रयोग डिबन्चर ट्रष्टीले गर्न सक्नेछ । डिबेञ्चर ट्रष्टीले कार्य गरे बापत लागेको सम्पूर्ण खर्च बैंकले भुक्तानी गर्नुपर्ने छ ।

५. डिबेञ्चरवालाको हित संरक्षण सम्बन्धी गर्नुपर्ने सम्पूर्ण कार्य डिबेञ्चर ट्रष्टीले गर्न सक्ने अधिकार रहेको छ ।

६. डिबेञ्चर ट्रष्टीले डिबेञ्चरवालाको हित संरक्षणको निमित्त आवश्यक ठानेमा बैंकको जायजेथा सुरक्षण स्वरुप लिन र त्यस्तो सुरक्षण प्रचलित कानून बमोजिम आफ्नो नाममा पारित गराई राख्न सक्नेछ ।

(घ) **परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था** : सो नभएको ।

(ङ) **ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजनाः**
नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन २०७८ को निर्देशन नं. १६ को बुँदा नं. ५ को उपबुँदा नं. (६) ले उर्जा क्षेत्रमा दीर्घकालीन साधनको उपलब्धता सहज बनाउन उर्जा क्षेत्रमा लगानीको अनुभव हासिल गरेको वाणिज्य बैंकहरुले सम्बन्धित निकायबाट स्वीकृति लिई उर्जा ऋणपत्र (Energy Bond) जारी गर्न सक्नेछन् भन्ने व्यवस्था रहेको र सोही एकीकृत निर्देशनको निर्देशन नं. १७ को १७ (५) बमोजिम उर्जा ऋणपत्रमा लगानी गरेको रकमलाई उर्जा क्षेत्रमा अनिवार्य रुपमा प्रवाह गर्नु पर्ने कर्जामा गणना गर्न पाईने व्यवस्था गरेको । उल्लेखित व्यवस्था बमोजिम यस बैंकबाट जारी उर्जा ऋणपत्रलाई अन्य बैंक तथा वित्तीय संस्थाहरुले समेत खरिद गर्न सक्ने गरि नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्रदान भए बमोजिम ऋणपत्र निष्काशन गरी प्राप्त हुने पूँजी कम्पनी ऐन, नेपाल राष्ट्र बैंक ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रही बैंकले उर्जा क्षेत्रमा लगानी गर्नका लागि उपयोग गरिनेछ ।

(च) **यस भन्दा अगाडी जारी भएको ऋणपत्रको विवरण :**

ऋणपत्रको विवरण	ब्याजदर	अवधि	रकम (रु.)	कैफियत
८% एभरेष्ट बैंक लिमिटेड ऋणपत्र २०७८	८%	६	६० करोड	आषाढ मसान्त २०७८ मा समयावधी समाप्त भएकोले भुक्तानी गरिएको
८% एभरेष्ट बैंक लिमिटेड ऋणपत्र २०७९	८%	१०	४६.८८ करोड	
एभरेष्ट बैंक लिमिटेड ऋणपत्र-२०८६	८.५%	८	८५.६७ करोड	
एभरेष्ट बैंक लिमिटेड ऋणपत्र-२०८५	१०.५%	६	२ अर्ब	

(छ) **अन्य :**
- यो ऋणपत्र एभरेष्ट बैंक बाहेक अन्य बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ ।
- यस ऋणपत्रलाई नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण तथा दर्ता गराई खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।
- ऋणपत्रको बाँडफाँट पश्चात बाँडफाँटमा पर्ने सम्पूर्ण ऋणपत्रधनीहरुलाई बाँडफाँट भएको दिन देखिको त्रैमासिक रुपले ३/३ महिनामा भुक्तानी दिइनेछ ।

नेपाल राष्ट्र बैंकबाट ऋणपत्र निष्काशन गर्न स्वीकृत प्रदान गर्दा तोकिएका शर्तहरु निम्न अनुसार रहेको छ :
यस एभरेष्ट बैंकले निष्काशन गर्न लागेको "एभरेष्ट बैंक लिमिटेड उर्जा ऋणपत्र (Energy Bond) २०८९" ऋणपत्र निष्काशन गर्नका लागि नेपाल राष्ट्र बैंकद्वारा मिति २०७९/०२/१९ को र मिति २०७९/०६/१३ को ब्याजदर संशोधित पत्रहरुमा मार्फत देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्ने भनी स्वीकृति प्रदान गरेको छ ।

(१) कुनै पनि सुरक्षण नराखी " एभरेष्ट बैंक लिमिटेड उर्जा ऋणपत्र (Energy Bond) २०८९" निष्काशन गर्नुपर्ने ।
(२) ऋणपत्रको अवधि १० बर्षको हुने ।
(३) ऋणपत्रको वार्षिक ब्याजदर ७.५ प्रतिशत हुनुपर्ने, ऋणपत्रमा प्रदान गरिने व्याज त्रैमासिक रुपले ३/३ महिनामा भुक्तानी गर्नुपर्ने, ब्याजदर परिवर्तन गर्न नपाइने र आर्जित व्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने।
(४) बैंक विघटन भएको अवस्थामा को "एभरेष्ट बैंक लिमिटेड उर्जा ऋणपत्र (Energy Bond) २०८९" को भुक्तानी निक्षेपकर्ता भन्दा पछि मात्र हुने ।
(५) "एभरेष्ट बैंक लिमिटेड उर्जा ऋणपत्र (Energy Bond) २०८९" बाँडफाँड भएको मितिले ६ महिना नेपाल स्टक एक्सचेन्जमा सूचिकृत गर्नुपर्ने ।
(६) एभरेष्ट बैंक लिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त डिबेन्चर धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नु पर्ने ।
(७) ऋणपत्र निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरी प्रकाशन गर्नुपर्ने ।
(८) ऋणपत्र बैंकको स्रोत परिचालनको रुपमा गणना हुने गरी जारी गर्नु पर्ने ।
(९) Private Placement को आधारमा बिक्री गरिने डिबेन्चरको सम्बन्धमा कुनै संघ/संस्थासंग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेश गर्नुपर्ने ।
(१०) ऋणपत्रमा अन्य बैंक तथा वित्तीय संस्थाहरुले समेत लगानी गर्न सक्ने ।
(११) यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नु पर्ने ।
(१२) ऋणपत्रमा आवेदन गर्ने प्रत्येक आवेदकलाई निजले आवेदन गरेको रकममा आवेदन गरेको मिति देखि बाँडफाँड हुने दिनसम्मको अवधिका लागि प्रचलित बचतको (त्यस बैंकको कुनै एकप्रकारको बचतको प्रचलित ब्याजदर) ब्याजदरले खण्डित अवधिको (Broken Period Interest) प्रदान गर्नु पर्ने र सो विषय विवरणपत्रमा स्पष्ट उल्लेख गर्नु पर्ने ।
(१३) ऋणपत्रबाट उठाइएको स्रोत उर्जा क्षेत्रमा मात्र ऋण प्रवाह गर्नुपर्ने ।
(१४) अन्य सबै व्यवस्थाहरु नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन २०७८ को इ.प्रा. निर्देशन नं.१६ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

१४. धितोपत्र जारी गर्नुको उद्देश्य :

नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन २०७८ को निर्देशन नं. १६ को बुँदा नं. ५ को उपबुँदा नं. (६) ले उर्जा क्षेत्रमा दीर्घकालीन साधनको उपलब्धता सहज बनाउन उर्जा क्षेत्रमा लगानीको अनुभव हासिल गरेको वाणिज्य बैंकहरुले सम्बन्धित निकायबाट स्वीकृति लिई उर्जा ऋणपत्र (Energy Bond) जारी गर्न सक्नेछन् भन्ने व्यवस्था गरे बमोजिम उर्जा ऋणपत्र (Energy Bond) जारी गर्नको लागि यस एभरेष्ट बैंक लि. योग्य रहेको र सोही बमोजिम यस बैंकले नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरेकोले यस ऋणपत्र जारी गर्नुको उद्देश्य देहाय बमोजिम रहेको छ ।
- प्रबन्धपत्रमा उल्लेख गरिएका उद्देश्य अनुरुप गर्नुपर्ने कार्यहरुका लागि आवश्यक पर्ने रकम जुटाउन ।
- उर्जा क्षेत्रमा बैंकको लगानी बृद्धिका लागि आवश्यक रकम जुटाउने ।

१५. ऋणपत्र निष्काशनको उद्देश्य र प्राप्त रकमको उपयोग :

नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन २०७८ को निर्देशन नं. १६ को बुँदा नं. ५ को उपबुँदा नं. (६) ले उर्जा क्षेत्रमा दीर्घकालीन साधनको उपलब्धता सहज बनाउन उर्जा क्षेत्रमा लगानीको अनुभव हासिल गरेको वाणिज्य बैंकहरुले सम्बन्धित निकायबाट स्वीकृति लिई उर्जा ऋणपत्र (Energy Bond) जारी गर्न सक्नेछन् भन्ने व्यवस्था रहेको र सोही एकीकृत निर्देशनको निर्देशन नं. १७ को १७ (५) बमोजिम उर्जा ऋणपत्रमा लगानी गरेको रकमलाई उर्जा क्षेत्रमा अनिवार्य रुपमा प्रवाह गर्नु पर्ने कर्जामा गणना गर्न पाईने व्यवस्था गरेको । उल्लेखित व्यवस्था बमोजिम यस बैंकबाट जारी उर्जा ऋणपत्रलाई अन्य बैंक तथा वित्तीय संस्थाहरुले समेत खरिद गर्न सक्ने गरि नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्रदान भए बमोजिम ऋणपत्र निष्काशन गरी प्राप्त हुने पूँजी कम्पनी ऐन, नेपाल राष्ट्र बैंक ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रही बैंकले उर्जा क्षेत्रमा लगानी गर्नका लागि उपयोग गरिनेछ । ऋणपत्र जारी गरी प्राप्त हुने ऋण पूँजीको उपयोग सम्बन्धमा देहाय अनुसार उल्लेख गरिएको छ ।

सि.नं.	विवरण	रकम (रु.)
१	नेपाल राष्ट्र बैंकबाट स्वीकृत क्षेत्रमा कर्जा लगानी	२,००,००,००,०००/-
	जम्मा	२,००,००,००,०००/-

१६. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(१) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया** : यस विवरणपत्र मार्फत जारी गरिएको ऋणपत्र संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्र बाँडफाँड गरिनेछ र ऋणपत्र बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । यदि कुनै पक्षले (व्यक्तिगत तवर/सर्वसाधारण) सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई (व्यक्तिगत तवर/सर्वसाधारण) खरिद गर्ने व्यवस्था गरिनेछ ।

(२) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था** : यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्रको लागि "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सक्नेछ र आवेदकहरुको बाँडफाँडमा नपरेको ऋणपत्र बापत रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आवेदकले आवेदन गर्दाको बखत रोक्का राखेको खाताको रकम मात्र फुकुवा गरि फिर्ता भुक्तानी गरिनेछ ।

(३) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर** : CASBA मार्फत ऋणपत्रमा आवेदन दिने आवेदकहरु बाहेक अन्य माध्यम मार्फत ऋणपत्रमा आवेदन गर्ने प्रत्येक आवेदकलाई निजले आवेदन गरेको मिति देखि बाडँफाँड हुने दिन सम्मको अवधिका लागि प्रचलित बजारको दरले खण्डित अवधिको ब्याज (Broken Period Interest) प्रदान गरिनेछ ।

(४) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्र्या र समयावधि** : निष्काशन गरिने ऋणपत्र प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँड गरी सूचिकरण भए पश्चात सम्बन्धित ऋणपत्रधनीको हितग्राही (Demat) खातामा जम्मा गरिनेछ ।

(५) ***धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पुरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :*** बैंकको हाल कायम रहेको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण रहेको । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र बाँडफाँड पश्चात् सूचिकरण गरिने छ ।

(६) ***धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :*** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँड गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई ऋणपत्रको खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१७. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

व्यक्तिगत तवर (Private Placement) को हकमा :

(क) निष्काशन गरिने डिबेन्चर १० बर्ष अवधि तथा वार्षिक ७.५ प्रतिशत व्याजदर भएको प्रति डिबेन्चर रु.१,०००/- अंकित मूल्यका १२ लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु.१ अर्ब १२ करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ।

(ख) ***लिनुपर्ने न्यूनतम डिबेन्चर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः*** यस विवरण मार्फत निष्काशन गरिने डिबेन्चर खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा २५ र सो भन्दा बढीका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भाग जाने संख्यामा दरखास्तसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र वापत रु.१,०००/- का दरले हुन आउने एकमुष्ट रकम यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरु तथा बिक्री प्रबन्धक श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेडमा जम्मा गरी आवेदन दिन सक्नेछन् ।

(ग) ***डिबेन्चर बिक्री खुल्ला अवधि :*** यस निष्काशन व्यक्तिगत तवरबाट गरिने भएकोले धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशन सँगै बन्द हुनेछ ।

(घ) ***डिबेन्चर खरिदका लागि पुर्ण आवेदन प्राप्त नभई बाँकी रहन गएका डिबेन्चरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :*** डिबेन्चर खरिद खुल्ला अवधिमा सम्पूर्ण डिबेन्चर बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहन गएका डिबेन्चरहरुको सम्बन्धमा सार्वजनिक निष्काशन (Public Issue) मार्फत बिक्री गरिनेछ ।

(ङ) ***डबेन्चर खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नुपर्ने मुख्य कुराहरुः***
१. कुनैपनि नेपाली संघ संस्थाले यस विवरण अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आफुले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरि यहि बैंकको बिक्री प्रवन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्ने छ ।
२. आवेदन दिंदा आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।
३. आवेदन फारम नेपाली वा अंग्रेजी कुनै एक भाषामा पेश गर्नुपर्नेछ ।
४. आवेदकले आवेदनसाथ आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/- को दरले हुन आउने रकम लक्ष्मी क्यापिटल मार्केट लिमिटेड नाममा खिचिएको बैंक ड्राफ्ट संलग्न भएको हुनु पर्नेछ । यसरी बैंक ड्राफ्ट/चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो ड्राफ्टको नम्बर र ड्राफ्टको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ । यसको अलावा, निवेदकले नेपाल लक्ष्मी क्यापिटल मार्केट लिमिटेड वा बैंकको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्नेछ ।
५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिंदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा संचालक समितिको निर्णय समावेश गरेको हुनु पर्नेछ ।
६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनु पर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सो भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

सर्वसाधारणको हकमा :

(१) यस विवरण-पत्र अनुसार निष्काशन गरिएको ऋणपत्र खरिदको लागि आवेदन गरी ऋणपत्र बाँडफाँड भए पश्चात् कायम ऋणपत्रधनीहरुले बैंकको साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन् । यस विवरण-पत्र अनुसार जारी गरिएको डिबेन्चर धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ मा भएको व्यवस्था भएको अनुसार बाँडफाँड गरी तोकिएको अवधि भित्र Demat गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवार प्लाजा, काठमाण्डौमा सूचीकरण सम्बन्धी नियम बमोजिम सूचीकरण गराई खरिद बिक्रीको व्यवस्था मिलाईने छ ।

(२) कार्यालय समय भित्र निम्न लिखित स्थानहरुमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली तथा विवरण पत्र निरीक्षण गर्न सकिनेछ । कम्पनीको रजिष्टर्ड कार्यालय, लाजिम्पाट, काठमाण्डौ । धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, कमलादी, काठमाण्डौ ।

(३) कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने ऋणपत्र खरिद गर्नको लागि दरखास्त दिन चाहनेहरुले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशनमा Centralized Application for ASBA Based Issuance (CASBA) प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध आस्वा सेवामा सहभागि बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयबाट आवेदन दिन सक्नेछन् । यसरी आवेदन लिन सक्ने बैंक तथा वित्तिय संस्थाको विवरण सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले आफ्नो वेब साइट www.cdscnp.com मा Registered Banks in C-ASBA अन्तर्गत उल्लेख गरेको छ । दरखास्तवालाले डिबेन्चर खरिदका लागि दरखास्त दिंदा 'धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा दरखास्त आवेदन दिनु पर्नेछ ।
(क) आवेदन फाराममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गरिनु पर्नेछ ।
(ख) आवेदन दिंदा डिबेन्चर जारी गर्ने कम्पनीको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरी उल्लेख गर्नु तथा एकभन्दा बढि आवेदन दिन पाउने छैन ।
(ग) आफ्नो बैंक खाता र हितग्राही खाता नम्बर सहि/स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।
(घ) आवेदकले आफु स्वयंको हितग्राही खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
(ङ) आवेदन गरेको निस्सा/प्रमाण, सम्बन्धित संकलन केन्द्र (आस्वा सदस्य बैंक तथा वित्तीय संस्था) सँग अनिवार्य लिनु पर्नेछ ।
(च) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण शेयरको लागि एक वटा मात्र आवेदन गरेको हुनुपर्ने, यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनलाई रद्द गरिनेछ ।
(छ) रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।
(ज) सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नं. समेत दरखास्त फाराममा खुलाउनु पर्नेछ । यसरी खुलाइएको बैंक तथा वित्तीय संस्था समाशोधन गृहको (क्लियरिङ्ग हाउस) सदस्य भएको हुनु पर्नेछ ।
(झ) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

४. आस्वा सेवामा सहभागि बैंक तथा वित्तीय संस्थाले C-ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य संचालन निर्देशिका, २०७४ को अनुसूची ५ बमोजिम हुनुपर्नेछ ।
५. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदकले लिनहुन ।
६. यस्तो ऋणपत्रका लागि आवेदन दिंदा आफुले खरिद गर्न चाहेको प्रति ऋणपत्र वापत रु.१,०००/- (एक हजार) का दरले हुनआउने एकमुष्ठ रकम दरखास्तसाथ बुझाउनु पर्नेछ । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम २५ (पच्चीस) कित्ता र न्यूनतम २५ (पच्चीस) कित्ता भन्दा बढी ऋणपत्र खरिद गर्नका लागि १ अंकको गुणाङ्कमा अधिकतम सम्पूर्ण कित्ताका ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ ।

१८. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

क्र.सं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाडौं र वेवसाइटः www.laxmicapital.com.np
२.	एभरेष्ट बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौं तथा बैंकको सम्पूर्ण शाखा कार्यालयहरु र वेवसाइटः www.everestbankltd.com
३.	नेपाल धितोपत्र बोर्ड खुमल्टार, ललितपुर र वेवसाइटः www.sebon.gov.np

क्र.सं.	दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान
१.	नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका तोकिएका शाखा कार्यालयहरु ।

व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा बिक्री प्रबन्धकले बैंकसँगको सहमतीमा खरिदकर्ताहरु खोजी गरी आपसी सहमतीमा वितरण गरिने छ ।

१९. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने ऋणपत्रहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ कार्य दिन र बढिमा १५ दिन सम्म खुल्ला रहने छ । व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा धितोपत्र बोर्डबाट स्वीकृति पश्चात् खुल्ला हुनेछ र सार्वजनिक निष्काशन सँगै बन्द हुनेछ ।

२०. निष्काशन बैंक (Bankers to the Issue) :

यस निष्काशनको लागि देहायको बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ

क्र.सं.	बैंकको नाम	खाताको नाम	खाता नं.
१.	लक्ष्मी बैंक लिमिटेड, हात्तिसार काठमाण्डौ	Laxmi Capital Market Limited-EBL Energy Bond 2089	००५३४०११९४५

२१. क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस बैंकलाई केयर रेटिङ्ग नेपाल लिमिटेडले न्यून कर्जा जोखिम (Low Credit Risk) जनाउने "[CARE-NP AA-]"(Pronounced as Double A Minus) रेटिङ्ग मिति जुन ८, २०२२ मा प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने संस्थालाई समयमा नै वित्तीय दायित्व पूरा गर्ने सम्बन्धमा पर्याप्त (Adequate) मात्रामा सुरक्षित मानिन्छ । जोखिमको दृष्टिकोणमा यस्ता उपकरणहरु न्यून क्रेडिट जोखिम भएको मानिन्छ । साथै यस बैंकलाई केयर रेटिङ्ग नेपाल लिमिटेडले न्यून कर्जा जोखिम (Low Credit Risk) जनाउन "[CARE-IR] AA-" (Pronounced as CARE NP Double A Minus) रेटिङ्ग मिति जुन ८, २०२२ मा प्रदान गरेको र सो को अवधि जुन ५, २०२३ सम्म रहेको छ ।

२२. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक कक्षको व्यवस्था गरिएको छ । लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाडौंका श्री हिमांशु महर्जनलाई गुनासो सुन्ने अधिकारीको रुपमा तोकेको छ । लगानीकर्ताहरुले फोन तथा इमेल मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्ने छन् ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(A Wholly Owned Subsidiary of Laxmi Bank Limited)
(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापन कार्य गर्न इजाजत प्राप्त)
नयाँ बानेश्वर, काठमाडौं, फोनः ९७७-०१-४७८०२२२, ४७८१५८२, ५९७००६४ फ्याक्सः ९७७ -१-४७८०५८३
Email : info@laxmicapital.com.np~URL: www.laxmicapital.com.np